सर्वोच्च अदालत
# फैसला कार्यान्वयन निर्देशनालय
२०६६

प. सं. ०७७।०७८
च. नं. ३२०

बबरमहल, काठमाडौं
फोन नं. : ०१-४२५१६०२
फोन नं. : ०१-४२४८२५१
Web: www.supremecourt.gov.np
Email:jed@supremecourt.gov.np

मितिः२०७७।११।१३

विषयः परिपत्र ।

श्री उच्च अदालत सबै ।
श्री इजलास सबै ।
श्री अस्थाइ इजलास सबै ।
श्री विशेष अदालत ।
श्री न्यायाधीकरण सबै ।
श्री श्रम अदालत ।
श्री जिल्ला अदालत (सबै)।

उपरोक्त सम्बन्धमा न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना आ.व.२०७६/०७७-०८०/०८१) मा उल्लेखित रणनीतिक उद्देश्य १.५ तथा सर्वोच्च अदालतको वार्षिक कार्ययोजना २०७७/०७८ को परिच्छेद ६ को ६.१ मा रणनीतिक उद्देश्यहरु अन्तर्गत फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउने सम्बन्धमा स्पष्ट रुपमा विभिन्न निर्धारित क्रियाकलापहरु उल्लेख भएबमोजिम त्यस्ता क्रियाकलापहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्न श्री सर्वोच्च अदालतको मिति २०७७/११/१३ को निर्णय अनुसार देहाय बमोजिमका कार्यको अनुगमन गर्ने जिम्मेवारी फैसला कार्यान्वयन निर्देशनालयमा रहेकोले सो बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

१. फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउने सम्बन्धमा संहिता कानूनमा फैसला कार्यान्वयनका सन्दर्भमा देखा परेका कार्यविधिगत द्विविधाहरुको निराकरण गर्न आवश्यक प्रशिक्षण एबम् अभिमुखीकरण कार्यक्रम संचालन गर्न तथा तहसिल शाखाको संस्थागत क्षमता अभिबृद्धि गर्न आवश्यक पर्ने वार्षिक बजेट तर्जुमा गरी LMBIS मा समावेश गरी उक्त शीर्षकमा आन्तरिक विनियोजन र खर्च गर्ने प्रबन्ध गर्नु हुन।
२. जिल्ला अदालतहरुलाई प्राप्त सुरक्षाकर्मी (न्यायिक प्रहरी) को उचित परिचालन गरी आपसी समन्वय र सहयोगमा फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउने कार्य गर्नु गराउनु हुन।
३. अभियोगपत्र पेश हुँदा सम्पत्ति जफतको माग दावी भएका मुद्दामा जफत हुने ठहरेका सवारी साधन तथा चल अचल सम्पत्तिको स्पष्ट एकीकृत विवरण तयार गर्ने प्रयोजनार्थ छुट्टै लगत राख्ने व्यवस्था गरी अद्यावधिक गर्ने प्रबन्ध मिलाउनु हुन।-

२०७७।११।१३
बेदप्रसाद उप्रेती
महानिर्देशक
महानिर्देशक